# इच्छाकामना गाउँपालिकामा हरियो वन कार्यक्रम

## इच्छाकामना गाउँपालिकाको परिचय

चितवन जिल्लाको साविकका दारेचोक, चण्डिभञ्ज्याङ्ग, काउले र दाहाखानी गाविसलाई समायोजन गरी इच्छाकामना गाउँपालिका गठन भएको हो । यो गाउँपालिका त्रिशुली नदीको काखमा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा धादिङ्ग जिल्ला, पश्चिममा तनहूँ तथा भरतपुर महानगरपालिका, उत्तरमा गोर्खा र दक्षिणमा कालिका नगरपालिका रहेका छन् भने क्षेत्रफल १६६.६७ वर्ग किलोमिटर रहेको छ । वि.स. २०६८ को जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २५०१२ रहेको मध्ये १२५५२ महिला र १२४६० पुरुष छन् । जनजातिहरुमा (गुरुङ्ग, मगर, तामाङ्ग, नेवार, थकाली) अति सिमान्तकृत चेपाङ्ग, अल्पसंख्यक मुस्लिम तथा खस आर्यमा ब्राम्हण, क्षेत्री, ठकुरी र दलित बसोबास गर्दछन्।

यस गाउँपालिकाको आ.व. ०७६।७७ को गाउँ सभाबाट नीति योजना तथा कार्यक्रम र बजेटले आफ्नो क्षेत्र भित्र सडक, शिक्षा, कृषि, भेटनरी, सहकारी, पर्यापर्यटन, तथा सीपमुलक तालिमहरुमा विशेष जोड दिएको छ । गाउँपालिकाले एकिकृत बिकास योजना बनाई वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण, मानव संसाधन व्यवस्थापन, विपद् पूर्वतयारी जस्ता विषयहरुमा कार्यक्रमहरु लागु गरिरहेको छ । आमजनताको प्रत्यक्ष सहभागिताबाट योजना बनाई कार्यक्रमहरु लागु भएकाले सो कार्यक्रमहरुमा स्थानीय बासिन्दाहरुको अपनत्व रहेको छ। हरियो वन कार्यक्रमले तिनै कार्ययोजनाहरुको सफल कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिरहेको छ ।




चित्र १: इच्छाकामना गाउँपालिकाको नक्सा

## इच्छाकामना गाउँपालिकामा हरियो वन कार्यक्रमको भूमिका

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा सञ्चालित हरियो वन कार्यक्रमको उद्देश्य नेपाली समुदाय र जैविक विविधतालाई लाभ पुर्‍याउनु हो । हरियो वन कार्यक्रम डब्लुडब्लुएफ नेपालको नेतृत्वमा केएर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषसहित चारवटा संस्थाले संयुक्त रूपमा कार्यान्वयन गरिरहेका छन् । कार्यक्रमको पहिलो चरण सन् २०११ मा सुरु भएर सन् २०१६ मा अन्त्य भएको थियो । पहिलो चरणका उल्लेखनीय उपलब्धि र सिकाईहरूलाई अवलम्बन गर्दै कार्यक्रमको दोस्रो चरण सन् २०१६ देखि नै सुरु भई ५ वर्षसम्मका लागि सञ्चालन भइरहेको छ । यस कार्यक्रमले चितवन अन्नपूर्ण भू-परिधि र तराई भू-परिधिमा काम गर्छ । यसका दुई कार्यक्षेत्र जैविक विविधता संरक्षण र जलवायु परिवर्तन अनुकूलन रहेका छन् । यी दुई कार्यक्षेत्रभित्र बजारमा आधारित जीविकोपार्जन, सुशासन र लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रम पर्दछन् ।

हरियो वन कार्यक्रमले इच्छाकामना गाउँपालिकामा पहिलो चरणदेखि नै कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । आदिवासी जनजातिहरु, विपन्न वर्ग तथा पिछडिएका समुदायहरुको बसोबास भएको यस गाउँपालिकामा हरियो वन कार्यक्रमले एकीकृत जलाधार व्यवस्थापनको अवधारणा अन्तर्गत जैविक विविधता संरक्षण, जलवायु परिवर्तन, जीविकोपार्जन, सुशासन र लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि सवालहरुलाई सम्बोधन गर्नका लागि विभिन्न कृयाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । वन पैदावारको गैह्रकानुनी संकलन, मानव-वन्यजन्तु द्वन्द्व

न्यूनीकरण, जलवायु परिवर्तन, खोला तथा नदी किनार कटान, तल्लो तटिय क्षेत्रमा थेग्रीकरण, वन डढेलो, अतिक्रमण र वन्यजन्तु चोरी-सिकारी, भू-क्षय, मिचाहा प्रजाती, लैङ्गिक असमानता तथा सामाजिक बञ्चितिकरण आदि विषयहरुका समाधान तथा न्यूनीकरणका लागि साथै जीविकोपार्जन सुधार र प्राकृतिक श्रोत व्यवस्थापन समूहहरुमा सुशासन तथा समावेशीकरणकालागि इच्छाकामना गाउँपालिकामा कार्यान्वयन गरिएका विभिन्न कार्यक्रमहरुमध्ये केही मुख्य कार्यक्रमहरु निम्न रहेका छन्:

| **क्र. सं.** | **कार्यक्रम** | **कार्यक्रम सञ्चालन भएका वडा** | **परिमाण** | **लाभान्वित घरधूरी** |
|---|---|---|---|---|
| **१** | **जैविक विविधता संरक्षण** | | | |
| १.१ | समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाई परिचालन | ६ वटा सामुदायिक वनहरु | ६ इकाई | ६० स्वयंसेवी युवाहरु |
| **१.२** | **बजारमुखी जीविकोपार्जन: बजारमा आधारित वैकल्पिक जीविकोपार्जन विकास तथा प्रवर्द्धन** | | | |
| १.२.१ | घरधुरी स्तरको जीविकोपार्जन सुधार | इच्छाकामना ७<br><br>जीविकोपार्जन सुधारका लागि सा.ब.को साझेदारीमा रू १,२५,७७०/- सहयोग । | ४ सावउस (रानीखोला, सोमरी, कालिका पिपलटार र चण्डिस्थान) | ३२ घरधुरी |
| १.२.२ | सीपमुलक तालिम | इच्छाकामना गाउँपालिका | १८ जना लाई सैलुन सञ्चालन । वायरिङ्ग सम्बन्धि सीपमुलक तालिम | १८ घरधुरी लाभान्वित |
| १.२.३ | क्षमता विकास | इच्छाकामना गाउँपालिका | १,१४४ जनालाइ विभिन्न तालिम, गोष्ठीमा सहभागी गराइ विभिन्न विषयमा ज्ञान, सिप र आत्मविश्वास विकासमा सहयोग । | |
| १.३ | वृक्षारोपण | इच्छाकामना ७ | रानीखोला र चण्डिश्थान सा ब लगायतका क्षेत्रमा १२,९२२ विरुवा | १५० घरधुरी |
| **२** | **जलवायु परिवर्तन अनुकूलनका लागि पूर्व तयारी तथा अनुकूलन** | | | |
| **२.१** | **स्थानिय अनुकूलन कार्य योजनाका प्राथमिकिकृत क्रियाकलापहरुको कार्यान्वयन गर्न सहयोग गर्ने** | | | |
| २.१.१ | स्थानीय जलवायू परिवर्तन अनुकूलन कार्ययोजना (लापा) | ईच्छाकामना गाउँपालिका वडा न.७ (साविक दाहाखानी गाविस), चितवन | १ | २२०२ सङ्कटासन्न घरघुरी |
| २.१.२ | समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन योजना (कापा) | ईच्छाकामना गाउँपालिका वडा न.७ | ४ सावउस (चण्डीस्थान साव, कालिका पिप्पलटार साव, कालिखोला देउराली साव र रानीखोला साव) | १७७३ सङ्कटासन्न घरघुरी |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम सञ्चालन भएका वडा | परिमाण | लाभान्वित घरधूरी |
|---|---|---|---|---|
| २.१.३ | एकीकृत उप-जलाधार व्यवस्थापन योजना | खगेरी खोला उप जलाधार व्यवस्थापन योजना जस्ले इच्छाकामना गा पाको वडा न ७ समेट्छ। | १ | १०३० संकटासन्न घरधुरीहरु ( ८२४ जनजाति, ९२ दलित) प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । |
| २.२ | कृषी तथा घरायसी प्रयोजन/अनुकूलनकालागी जलवाय मैत्री, लैससास मैत्री, समय र श्रम वचत गर्ने प्रविधीहरुको प्रवर्धन गर्ने | इच्छाकामना ७ | २ सावउस (रानीखोला र चण्डिस्थान सावउस | १८४ घरधुरी |
| **३** | **लैङ्गिक समनता तथा सामाजिक समावेशीकरण** | | | |
| ३.१ | सामुदायिक सिकाई तथा कार्य केन्द्र | साविक दाहाखानी-७, ८ र ९ | ६ (कालिका पिपलटार, चन्डीस्थान, रानिखोला, तिनकन्या र कालिकाखोला देउराली) | १६० जना विपन्न |
| ३.२ | सामुदायिक वनहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति | इच्छाकामना ७ | २ (रानीखोला र कालिखोला देउराली सावउस) | ८० घरधुरी |
| ३.३ | स्थानीय स्रोत व्यक्ति परिचालन | वडा नं ७ | ५ जना (दिपा चेपाङ, स्मृति गुरुङ, मन्दिरा गुरुङ, मनिसा थापा मगर, अशोक राना मगर) | |
| ३.४ | नेपाल चेपाङ संघसँगको सवालगत साझेदारी | इच्छाकामना ७ का चेपाङ बस्ति | २ वर्ष कार्यक्रम साझेदारी | १५० युवा |
| **४** | **सुशासन** | | | |
| ४.१ | सुशासन, क्षमता आंकलन तथा क्षमता बिकास | इच्छाकामना ७ | ७ सावउस (रानीखोला, कालिखोला देउराली, कालिका पिपलटार, सोमरी, देविथान र चण्डिश्थान सावउस) | ९७६ घरधुरी |

## हरियो वन कार्यक्रम मार्फत सञ्चालन भएका क्रियाकलापहरुका केही प्रमुख उपलब्धिहरु

हरियो वन कार्यक्रमले यस गाउँपालिकाको वडा नं. ७ लाई समेटेर जलाधारीय स्रोतहरुको एकिकृत व्यवस्थापन गर्नलाई निकै टेवा पुगेको छ । मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सहयोग पुगेको छ । खगेरी खोला उप-जलाधारको एकिकृत व्यवस्थापन योजना र जलवायु परिवर्तन अनुकूलन योजना निर्माण तथा कार्यान्वयनले स्थानीय स्तरमा उत्पन्न

हुनसक्ने विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापन, पानी मुहान संरक्षण, खोला किनार संरक्षण तथा खहरे नियन्त्रण, सिँचाइ कुलो संरक्षण, संरक्षण तथा पुन भरण पोखरी निर्माण, छेकबाँध, क्षति ग्रस्त जमिनको पुनर्उत्थान, सूक्ष्म तथा उप जलाधार संमन्वय समिति परिचालन शसक्तिकरण, समुदाय तथा घरधुरीको कार्यबोझ कम गर्न सहयोग गरेको छ । सामुदायिक वनहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा तथा कार्यान्वयन भएकाले स्थानीय समूहहरुमा सुशासन तथा समावेशीकरणका विषयहरुले प्राथमिकता पाएका छन् । सिकाई केन्द्रका अभ्यासहरु जलवायू परिवर्तन, प्राकृतिक स्रोत व्यवस्थापन र विपद् व्यवस्थापन जस्ता विषयमा अति सिमान्तकृत समूहहरु जस्तै महिला, दलित र आदिवासी जनजातिहरुको सचेतना अभिवृद्धि गर्न र यस्ता विषयका सिकाईलाई व्यवहारमा लागू गराउन पनि अत्यन्त सहयोगी देखिएका छन् ।

इच्छाकामना गाउँपालिकामा यस कार्यक्रमको प्रमुख उपलब्धिहरुलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| उपलब्धिहरु | तत्कालिक नतिजा | प्रतिफल | प्रभाव |
|---|---|---|---|
| समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाई परिचालन | इच्छाकामना गाउँपालिकामा रहेका ६ वटा सामुदायिक वनहरुमा ६ वटा ‘समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाईहरु गठन भई परिचालित । | वन र वन्यजन्तुको चोरीशिकार तथा अवैध ओसारपसारलाई निरुत्साहित गर्ने, समुदायमा सचेतना फैलाउने, कानुन नियमन निकायलाई सहयोग गर्ने, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा वन डढेलो नियन्त्रणमा सहजीकरण गर्ने जस्ता कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्दै आएका । | प्राकृतिक स्रोतहरुको दिगो संरक्षण र व्यवस्थापनमा सहयोग । |
| घरधुरी स्तरको जीविकोपार्जन सुधार | वडाका ४ सामुदायिक वनका ३१ उपभोक्तालाई हरियो वन र साबको साझेदारीमा रु १२५,७७० घुम्ती कोष सहयोग । | ३१ जनाबाट सुरु भएको घुम्ती कोष ५२ जनामा पुगेको र पुँजी रकम रु ६,३१,००० पुगेको छ । यसबाट २१ जना गरिब तथा विपन्न घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्। | गरिबि न्यूनीकरण प्रत्यक्ष टेवा पुगेको ।<br>ज्ञान, सिप र क्षमता विकास गर्न योगदान पुगेको । |
| क्षमता बिकास ( सुशासन, क्षमता आंकलन तथा क्षमता बिकास, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, जिविकोपार्जन सुधार, सिप विकास) | ११६२ जनालाइ विभिन्न तालिम, गोष्ठीमा सहभागी गराइ विभिन्न विषय सम्बन्धी ज्ञान, सिपको विकास । | • सामाजिक परिचालन, जलवायु परिवर्तन अनुकूलन, जिविकोपार्जन सुधार तथा विपद् व्यवस्थापन सम्बन्धि सचेतना वृद्दि तथा दक्ष जनशक्ति बनाउन सहयोग ।<br>• सीप विकासमा सहयोग । | ज्ञान, सिप र क्षमता विकास गर्न योगदान पुगेको । |

| उपलब्धिहरु | तत्कालिक नतिजा | प्रतिफल | प्रभाव |
|---|---|---|---|
| वृक्षारोपण | १५ हेक्टर क्षेत्रमा विभिन्न १८ प्रजातीका १२,९२२ विरुवाहरु रोपण भएको । | बाँझो जमिनमा हरियाली, विपद्हरुबाट हुने क्षती न्यूनीकरण साथै वातावरणीय अनुकुलतामा सहयोग । | • प्राकृतिक स्रोतहरुको दिगो संरक्षण र व्यवस्थापनमा सहयोग ।<br>• जमिन, बोट विरुवा र आवादिको सुरक्षा मार्फत उत्थानशीलता बृद्धि भएको । |
| स्थानीय जलवायु परिवर्तन अनुकूलन योजना (लापा)<br>ईच्छाकामना गाउँपालिका वडा न.७, चितवन | • सुख्खा खडेरी, बाढी, कटान, पहिरो, मिचाहा प्रजाति, डढेलो हावाहुरी, रोगकिरा, थेग्रिकरण,  खडेरी, बाढी, पहिरो र असिना जस्ता जलवायु जन्य विपद् जोखिमबाट अनुकूलित हुन सहभागीतामूलक रुपमा योजना तयारी तथा कार्यान्वयन ।<br>• सहभागीतामूलक संकटासन्नता र विपद् जोखिमहरुको लेखाजोखाको पहिचान, प्राथमीकीकरण ।<br>• जनचेतना, आयमूलक कार्यक्रमहरु, मुहान संरक्षण, वातावरणमैत्री स्थानीय शासनका क्रियाकलापहरु । | • जलवायु परिवर्तनको बारेमा सचेतना बढेको ।<br>• संकटासन्न वडा र समुदायको पहिचान भई कार्यक्रम कार्यन्वयनमा सहज र सहयोग । | • जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन नीति तथा कार्यक्रममा मुलप्रवाहिकरण भएको ।<br>• संकटासन्नता कम भएको ।<br>• अनुकूलन तथा उत्थानशीलता बृद्धि भएको । |
| समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन योजना (कापा)<br>४ सावउस ( चण्डीस्थान साव., कालिका पिपलटार साव, कालिखोला देउराली साव, र रानीखोला साव) | • सुख्खा खडेरी, बाढी, कटान, पहिरो, मिचाहा प्रजाति, डढेलो हावाहुरी, रोगकिरा, थेग्रिकरण, खडेरी, बाढी, पहिरो र असिना जस्ता जलवायु जन्य विपद् जोखिमबाट अनुकूलित हुन सहभागीतामूलक रुपमा योजना तयारी तथा कार्यान्वयन ।<br>• सहभागीतामूलक संकटासन्नता र विपद् जोखिमहरुको लेखाजोखाको पहिचान, प्राथमीकीकरण ।<br>• जनचेतना, पहिरो तथा बाढी नियन्त्रण (तटबन्धन), अग्निरेखा निर्माण, वेमौसमी तरकारी खेती, पानी मुहान संरक्षण, संरक्षण पोखरी निर्माण, खानेपानी टंकी निर्माण, स्वास्थ्य तथा सरसफाई जस्ता क्रियाकलाप संचालन भएको । | • जलवायु परिवर्तनको बारेमा सचेतना बढेको ।<br>• संकटासन्न टोल र घरधुरीको पहिचान भई कार्यक्रम कार्यन्वयनमा सहज र सहयोग । | • जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन नीति तथा कार्यक्रममा मुलप्रवाहिकरण भएको ।<br>• संकटासन्नता कम भएको ।<br>• अनुकूलन तथा उत्थानशीलता बृद्धि भएको । |

| उपलब्धिहरु | तत्कालिक नतिजा | प्रतिफल | प्रभाव |
|---|---|---|---|
| एकीकृत उप-जलाधार व्यवस्थापन योजना (खगेरी खोला उप-जलाधार) | • भिरालो जमिनमा संरक्षणबिना खनजोत, खुल्ला चरिचरण, वन फडानी, मानव र वन्यजन्तु विच द्वन्द्व, अवैज्ञानिक खेतीप्रणली र ढुङ्गा, बालुवा उत्खनन्, मिचाहा प्रजाति, पानीका मुहानहरु सुक्नु, रोगकिरा, खोला किनार कटान, सुख्खा खडेरी, बाढी, डढेलो, पहिरो, थेग्रीकरण, पानीबाट सतही माटोको क्षयीकरण, भू-क्षय, वन क्षेत्र क्षयीकरण र जैविक एवं कृषि विविधतामा कमी आदि जस्ता समस्याहरुलाई कम गर्न सहभागीतामूलक रुपमा योजना तयारी तथा कार्यान्वयन।<br>• जनचेतना, पानी मुहान संरक्षण, खोला किनार संरक्षण तथा खहरे नियन्त्रण, सिँचाइ कुलो संरक्षण, संरक्षण तथा पुन भरण पोखरी निर्माण, छेकबाँध, क्षति ग्रस्त जमिनको पुनर्उत्थान, सूक्ष्म तथा उप जलाधार संमन्वय समिति परिचालनसशक्तिकरण, जीविकोपार्जन सुधार जस्ता क्रियाकलापहरु संचालन भएको ।<br>• उप जलाधार संरक्षण समितिको नियमित छलफल तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिएको छ र यसै गरि उपजलाधार व्यवस्थापन विधान, कार्यविधि तयार गरिएको छ ।<br>• ४५६ मिटर बायो ईन्जिनियरि प्रविधि मार्फत ३५ हेक्टर जमिन पुनर्उत्थान गरि १५० घरधुरीलाइ नदि किनार कटानको समस्याबाट बचाउ गरेको छ । | • उप-जलाधार क्षेत्रको सिमाना भन्दा बाहिरका बहु-सरोकावालाहरुलाई समेटी खगेरी खोला उप-जलाधार संरक्षण समिति गठन र जिल्ला प्रशासन कार्यलय चितवनमा दर्ता भएको ।<br>• जलवायु मैत्री एकीकृत जलाधार व्यवस्थापनका वारेमा सचेतना बढेको ।<br>• संकटासन्न टोल र घरधुरीको पहिचान भई कार्यक्रम कार्यान्वयनमा सहज र सहयोग ।<br>• क्षतिग्रस्त क्षेत्र पुनर्उत्थान मार्फत आयआर्जनका गतिविधिमा सहयोग ।<br>• पानीको मात्रा र गुणस्तरमा क्रमिक सुधारमा सहयोग । | • जलाधार व्यवस्थापनका, जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन नीति तथा कार्यक्रममा मुलप्रवाहिकरण गर्न टेवा पुगको जलाधार क्षयिकरणका कारणहरु कम गर्न सघाउ पुगेको ।<br>• जलाधारीय स्रोतहरुको व्यवस्थापन गर्न सजिलो भएको । |
| कृषी तथा घरायसी प्रयोजन/अनुकूलनका लागी जलवायु मैत्री, लैससास मैत्री, | • कृषी तथा घरायसी प्रयोजन/अनुकूलनकालागी जलवाय मैत्री, लैससास मैत्री, समय र श्रम वचत गर्ने प्रविधीहरुको अध्ययन, पहिचान र कार्यान्वयन योजना तयार । | प्रमाणित प्रविधिहरुको प्रयोगका कारण महिलाहरुको समयको बचत तथा कार्यबोझ कम गर्न सहयोग पुगेको छ । यसका | अनुकूलन तथा उत्थानशीलता बृद्धि भएको । |

| उपलब्धिहरु | तत्कालिक नतिजा | प्रतिफल | प्रभाव |
|---|---|---|---|
| समय र श्रम वचत गर्ने प्रविधिहरुको प्रवर्धन | • २ वटा सा ब का (रानीखोला र चण्डिश्थान) का १८४ जना उपभोक्तालाइ मकै छोडाउने मेसिन र दाँते औजार, करेसाबारी व्यवस्थापन आदि जस्ता क्रियाकलापहरु कार्यान्वयनमा सहयोग । | लागि उपभोक्ताहरुले समेत अनुभव तथा प्रयोगमा सन्तुष्टिका कारण कम्तिमा २५% लागत साझेदारी गरेका छन् । | |
| सामुदायिक सिकाई तथा कार्य केन्द्र | ६ वटा सामुदायिक सिकाई तथा कार्य केन्द्रका १६० जना लाभावित | • बालविवाह, घरेलु/महिला हिंसा, लागु औषध दुर्व्यशन जस्ता सामाजिक मुद्धाहरुमा स्थानीय तवरमा नै योजना बनाइ काम गरेको र न्यूनीकरणमा सहयोग पुग्नुका साथै विषेश गरि महिला वर्गको सामाजिक मुद्धाहरुमा सक्रियता बढ्नु तथा बचत क्रियाकलापमा संलग्नता बढेको ।<br>• आम्दानी बचत गर्ने परिपाटि बढेको । | • महिला नेतृत्व बढेको ।<br>• सामाजीक करिती, खराब लचलनमा कमी ।<br>• सामाजीक विकास निर्माणमा सहभागीता बढेको।<br>• सानास्तरका व्यवसाय संचालनमा महिलाहरुको सक्रियता बढेको । |
| सामुदायिक वनहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति | २ वटा सा ब उ सको (रानीखोला र कालिखोला देउराली) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल पहिचान, प्राथमिकिकरण, योजना निर्माण र अनुमोदन गरिएको छ । | सा.ब.उ.स.का कार्यकमहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहिकरण का लागि सचेतनामा वृद्धि र सहयोग पुगेको छ । | |
| स्थानीय श्रोत व्यक्ति परिचालन | ५ जना स्थानीय श्रोत व्यक्तिहरुको क्षमता विकास गरि सामाजिक परिचालन, जलवायु परिवर्तन र विपद् व्यवस्थापन क्षेत्रमा सक्षम हुन टेवा पुगेको । | • ज्ञान र सिपको अभीवृद्धि<br>• रोजगारीको अवसरमा वद्धि जस्तै १ जना स्थानीय श्रोत व्यक्ति इच्छाकामना गापामा सामाजिक शाखामा कार्यरत | नेतृत्व बिकास, सामाजिक परिचालनमा सहयोग । |
| नेपाल चेपाङ संघसँगको सवालगत साझेदारी | २ वर्षको कार्यक्रम साझेदारीमा ६ वटा युवा चेपाङ समूह गठन र यस मार्फत १५० भन्दा बढी युवा बाल विवाह विरुद्ध सचेतना अभियानमा संलग्न | • किशोर अवस्थामा नै विवाह गर्ने अवस्था व्याप्त रहेको चेपाङ समुदायलाई सचेतिकरण ।<br>• चेपाङ संघको २ वर्षिय पैरवी योजना तयार ।<br>• २ वटा बाल विवाह रोक्न सफल । | |

| उपलब्धिहरु | तत्कालिक नतिजा | प्रतिफल | प्रभाव |
|---|---|---|---|
| सुशासन, क्षमता आंकलन तथा क्षमता बिकास | ७ वटा सा.ब.उ.स.को क्षमता आँकलन, क्षमता विकास तालिम तथा सहजिकरण, क्षमता विकासमा सहजिकरणको फलोअप र क्षमता पुनःआँकलन । | • प्राकृतिक स्रोत व्यवस्थापन समुहहरुको संस्थागत क्षमता पुनःआँकलन गर्दाखेरी पहिलेभन्दा सुधार भएको।<br>• समूह अझ बढी सक्रियता वढेको ।<br>• विपन्न परिवारलाई ३५ प्रतीशत रकम छुट्याउन सहज ।<br>• कार्य समितिको बैठक र आम भेला नियमित रुपमा सञ्चालन ।<br>• सहभागीतामूलक लेखाजोखा तथा मूल्याङ्कन गर्ने अभ्यासको विकास ।<br>• कार्य समितीहरु समावेशी भएका । | • सावउसको विधान तथा वन कार्ययोजनाको कार्यन्वयनमा सहयोग ।<br>• सावउस मार्गदर्शन २०७१ कार्यान्वयनमा सहयोग । |

## सिकाई

- जल, जमिन, वानस्पतिक स्रोत, भू-उपयोगको अवस्था, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण, जैविक विविधता संरक्षण, सुशासन, लैङ्गिक समानता, जीविकोपार्जन जस्ता विभिन्न विषयगत क्षेत्रहरुको एकीकृत व्यवस्थापन गर्न उप-जलाधार व्यवस्थापन योजना बनाई कार्यान्वियन गर्दा जलाधारीय स्रोतहरुको उचित व्यवस्थापन गर्न सहज हुने ।
- जलाधारको एकीकृत तथा दिगो व्यवस्थापनकालागि उप तथा सूक्ष्म जलाधार स्तरमा संरक्षण समितिहरुको गठन र नियमित परिचालन गर्दा जलाधारीय स्रोतहरु व्यवस्थापन गर्न सहज हुने ।
- जलाधार क्षेत्रमा दिगो व्यवस्थापन, सह-लगानी बढाउन र समस्याहरुको एकीकृत समाधान गर्न उप-जलधारको सीमा बाहिरका सरोकारवालाहरू; उपल्लो, मध्य र तल्लो तटिय सरोकारवालाहरू तथा समुदाय; स्थानीय सरकार; समुदायमा आधारित संस्थाहरु तथा अन्य गैर सरकारी संस्थाहरु विच बहु-सरोकारवाला छलफल प्रभावकारी देखिएको छ ।
- चोरीशिकार नियन्त्रण इकाईका युवाहरु स्वयंसेवी रुपमा संलग्न हुने भएकोले युवाहरु परिवर्तन भइरहन्छन् । समुदायका सचेतकको रुपमा रहनु पर्ने हुनाले उनीहरुको नियमित रुपमा क्षमता विकास गरिरहनु पर्दछ र संरक्षण कार्यमा अद्यावधिक गरिरहनु पर्दछ । यसमा स्थानीय सरकारले नियमित सहयोग गर्नु पर्ने देखिन्छ ।
- वनमा आश्रित साथै विपन्न व्यक्तिहरुलाई सीपमूलक तालिम प्रदान गर्दा स्थानीय स्तरमा व्यवसाय सञ्चालन गरी राम्रो आम्दानी भएपछि संरक्षणप्रति सकारात्मक सोचको बिकास हुने ।
- स–सानो परिमाणको घुम्ती कोषलाई पनि प्रभावकारी परिचालन गर्न सकियो भने मनग्गे लाभ हासिल गर्न सक्ने ।
- बजारमुखी जीविकोपार्जन सुधारका कार्यक्रमहरुलाई स्थानीय स्तरको योजना तर्जुमा प्रक्रियाको मूलधारमा ल्याई यी उद्यमहरुको प्रवर्धन गर्नका लागि निश्चित बजेट विनियोजन गरेमा आगामी दिनहरुमा यहाँका बासिन्दाहरुको जीवनस्तर उकास्न सकिन्छ ।

- गरिव, संकटासन्न, विपन्न, महिला र वहिष्करणमा परेका समूहहरुको विभिन्न क्षमता विकास कार्यक्रम तथा विभिन्न जानकारी र सूचनामा पहुँच र सहभागिता बढाउँदा उनीहरुको आत्मविश्वास र नेतृत्व क्षमता विकास हुने जसबाट प्राकृतिक स्रोतमाथिको लाभ र फाईदाको न्यायोचित वितरणमा सघाऊ पुग्ने ।
- १६ हप्तासम्म विविध गतिविधिका साथ सञ्चालन गरिने सामुदायिक सिकाई तथा कार्य केन्द्रको अभ्यासमा निरन्तरताको साथै सहभागी, सहजकर्ता र स्थानीय सरकारको उचित तालमेल र सहकार्य हुन सकेको खण्डमा महिलाहरुलाई संगठित गर्न र स्थानीय स्तरका सामाजिक सवालहरु विषेशगरी विभिन्न प्रकारका लैंगिक हिंसाका सवालहरु सम्बोधनमा प्रभावकारी रहेको पाइएको छ ।
- वन समूहहरुको संस्थागत क्षमता विकासमा अन्य सक्रिय र परिपक्व समूह परिचालन गर्दा सिकाई सहज र छिटो भएको । साथै सामूहिक रुपमा कार्य-समीक्षा-थप कार्य पद्दतीमा छलफल गरेर काम गर्दा सबैको साथ र सहयोग प्राप्त भई उपलब्धी हासिल गर्न सहज हुने ।
- गाँउपालिका स्तरको योजना बनाउँदा सहभागीतामूलक रुपमा संकटासन्न वडा, समुदाय र कार्यक्रमहरुको पहिचान गरेको हुनाले संकटासन्न वडाहरुमा कार्यक्रम केन्द्रित गर्न सबैको सहयोग र साथ पाउन सजिलो भएको ।
- परियोजनाका हरेक चरणहरुमा स्थानीय सरकारको नेतृत्व तथा स्थानीय समुदायको अपनत्व गराएर मात्रै कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।
- जलवायु परिवर्तनका असरहरुलाई सामना गर्न समुदाय र सामुदायिक संगठनहरु (जस्तै साबउस, सामुदायिक सिकाई तथा कार्य केन्द्र, कृषि समुह, सहकारी समुह, समुदाय स्तरका संघ संस्थाहरु, समुदायमा आधारित चोरी सिकारी नियन्त्रण समिती) को परिचालन उपयुक्त माध्यम हो । यसका लागि उनीहरुको पर्याप्त ज्ञान, सिप तथा क्षमता विकास तथा अभिवृद्धि हुन आवश्यक छ ।

## कार्यक्रमको दिगोपनाको लागि भावी कार्यदिशा

हरियो वन कार्यक्रमले सञ्चालन गरेका क्रियाकलापहरु स्थानीय स्तरमैं माग भई आएका तथा टड्कारो रुपमा सामाजिक तथा पर्यावरणीय बिकासमा वाधा पुऱ्याउने समस्याका समाधानका कार्यक्रमहरु भएकाले आगामी दिनहरुमा पनि यी कार्यक्रमहरुले निरन्तरता पाउन एकदमै जरुरी भएको महसुस भएको छ । आवधिक योजनाहरूमा लक्षित सामाजिक वृद्धि हासिल गर्न स्रोत तथा साधनमा समान पहुँच, रोजगारीका अवसरहरूको सिर्जना, पर्यावरण संरक्षण, सुशासनको अभिवृद्धिजस्ता संरचनागत आवश्यकताहरुलाई यी कार्यक्रमहरुको निरन्तरताले उचित रूपमा सम्बोधन गर्ने भएकाले इच्छाकामना गाउँपालिकाले हरियो वन कार्यक्रमद्वारा सञ्चालन गरिएका क्रियाकलापहरुलाई थप परिष्कृत गर्दै अघि बढाउन जरुरी हुन्छ । यसका लागि इच्छाकामना गाउँपालिकाले स्थानीय स्रोत, साधन, सीप, ज्ञान र दक्षताको दिगो सदुपयोग हुने गरी यी कार्यक्रमहरुलाई आफ्नो वार्षिक कार्ययोजनामा समावेश गराई अघि बढाउनु पर्छ जसले गर्दा विकासको मूलधारमा ल्याउन बाँकी रहेका जाति, वर्ग, लिङ्ग, क्षेत्र तथा अल्पसंख्यक, सीमान्तकृत, बञ्चित आदि सबै समुदायको सामाजिक अवसरको पहुँच विस्तारमा सहयोग पुऱ्याउने छन् । जीवनस्तरमा हुने गुणात्मक सुधारले मात्र स्थानीय बासिन्दालाई प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने र अन्तत्वगत्वा पर्यावरण संरक्षण र जीवनस्तर सुधार गर्ने हुनाले हरियो वन कार्यक्रम मार्फत हाल सञ्चालन भइरहेका कार्यक्रमहरुलाई निरन्तरता दिनु जरुरी हुन्छ ।

समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाईलाई सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको उपसमितिको रुपमा कार्यविधि अनुमोदन गरी संस्थागत गर्नु पर्दछ र सो कार्यमा इच्छाकामना गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्दछ । वहुवर्षिय बालीहरुलाई ब्लकस्तरमा उत्पादन गर्न प्रोत्साहन गरी यस गाउँपालिकाको क्षेत्रमा भू-क्षय कम गर्ने काममा स्थानीय तह, कृषक, नीजि क्षेत्र लगायत सबै सरोकारवालाहरुको सहकार्य जरूरी हुन्छ । यी सबै सरोकारवालाहरुको सहकार्य स्थानीय उत्पादनको बजारीकरणमा पनि जरूरी हुन्छ । स्थानीय सरकारले असल अभ्यासको अनुसरण गरी आफ्ना वार्षिक नीति तथा कार्यक्रमका मूलप्रवाहीकरण गर्नु पर्दछ । जलाधार क्षेत्रमा संस्थागत संरचनाको स्थापना तथा बिकासका लागि पनि स्थानीय सरकारले पहल गर्दा थप प्रभावकारी हुन्छ । वातावरणमैत्री भौतिक पुर्वाधार बिकासका लागि पनि सम्बन्धित समुदाय र सरोकारवाला निकाय, संस्थासँगको सम्बन्ध स्थापित गर्न इच्छाकामना

गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्दा हरियो वन कार्यक्रमको अन्त्य पछि पनि यी सफल कार्यक्रमहरुले दिगोपना पाउने देखिन्छ। कार्यक्रमको दिगोपनाका लागि निम्न विषयहरु जरुरी देखिन्छः

- खगेरी खोलाको एकीकृत उप-जलाधार व्यवस्थापन योजना र स्थानीय जलवायु परिवर्तन अनुकूलन योजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धी र सिकाईहरुको आवधिक समीक्षा गर्दै गाउँपालिकाका वार्षिक योजनाहरु मार्फत कार्यान्वयन गर्दै लैजाँदा प्रभावकारी हुने ।
- उप-जलाधार व्यवस्थापन योजना र स्थानीय जलवायु परिवर्तन अनुकूलन योजनाका कार्यान्वयन, सहजिकरण गर्न गठन भएका उप जलाधार संरक्षण समितिको नियमित परिचालन र सशक्तिकरण गर्दै लैजाने ।
- चोरीशिकार नियन्त्रण इकाई परिचालन वन तथा वन्यजन्तु संरक्षणमा सफल कार्यक्रम भएको अनुभवको आधारमा स्थानीय सरकारले पनि चोरीशिकार नियन्त्रण इकाई परिचालनलाई आफ्नो नियमित कार्यक्रम भित्र पार्न सके यसको दिगोपना हुने देखिन्छ ।
- नदिजन्य पदार्थको उत्खननलाई वातावरणमैत्री बनाउन नियमन गर्दै सोमा आश्रीत समुदायको जीवीकोपार्जनका साथै भवितव्यको अवस्थामा राहतको लागि बिशेष कोष तथा बिमा आदिको व्यवस्था गर्दा राम्रो हुने ।।
- उपल्लो, मध्य र तल्लो तटिय क्षेत्रमा रहेका महत्वपूर्ण वातावरणीय सेवाहरुको संरक्षण, व्यवस्थापन र प्रवर्द्धनको लागि प्रोत्साहन गर्न आवश्यक संयन्त्रको स्थापना गर्दा प्रभावकारी हुने । जस्तैः वातावरणीय सेवा भुक्तानी प्रणाली वा वातावरणीय सेवाका लागि प्रोत्साहन ।
- लैंगिक तथा सामाजिक सवालहरुमा रुपान्तरणका लागि सामुदायिक सिकाई तथा कार्य केन्द्रलाई सहयोग प्रदान गरी परिचालन गर्न सकिएकमा राम्रो हुने ।
- सामुदायिक वन उपभोक्ता समूहहरुमा भएको घुम्ती कोषको परिचालनलाई प्रभावकारी बनाउन नियमित अनुगमन र प्राविधिक सरसल्लाह उपलब्ध गराउन सकिएमा अझ राम्रो परिणाम प्राप्त गर्न सकिने ।
- स्थानीय स्रोत व्यक्ति तथा तालिम प्राप्त जनशक्तिको प्रभावकारी परिचालन गर्ने ।
- स्रोत साधन तथा कार्यक्रमहरुमा वर्ग तथा लिङ्गको समानुपातिक प्रतिनिधित्व र लाभांशहरुको न्यायोचित वितरण प्रकृयामा जोड दिंदा सामाजिक न्याय प्रत्याभूत गराउन मद्दत पुग्ने ।।
- हरियो वन कार्यक्रम मार्फत प्राप्त निम्न सफल अभ्यास र प्रविधिहरु मध्ये सम्बन्धित समूह तथा स्थानीय सरकारलाई राम्रा लागेका सफल अभ्यास र प्रविधिहरुलाई आफ्ना वार्षिक नीति तथा कार्यक्रमहरु मार्फत संस्थागत तथा मूलप्रवाहीकरण गर्दै कार्यान्वयन गर्न सकिएमा समुदाय स्तरमा राम्रो प्रभाव हासिल गर्न सकिने।
    - जलवायु तथा महिलामैत्री प्रविधि,
    - प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुको संस्थागत क्षमता बिकास,
    - पानीको मात्रा तथा गुणस्तर बृद्धिको दृष्टिकोणबाट महत्वपूर्ण क्रियाकलापहरु जस्तै पानी मुहान संरक्षण, खोला किनार संरक्षण तथा खहरे नियन्त्रण, सिँचाइ कुलो संरक्षण, संरक्षण तथा पुन भरण पोखरी निर्माण, छेकबाँध, क्षति ग्रस्त जमिनको पुर्नउत्थान, सिल्ट ट्राप ड्याम आदि ।
    - सामुदायिक वन उपभोक्ता समूह स्तरमा बनेका लैससास नीति तथा कार्ययोजना,
- जलाधार क्षेत्रमा सह-लगानी बढाउन र समस्याहरुको समाधान गर्न उक्त क्षेत्रमा रहेका उपल्लो, मध्य र तल्लो तटिय समुदाय, स्थानीय सरकार, समुदायमा आधारित संस्थाहरु तथा अन्य गैरसरकारी संस्थाहरुको संग्लनता कायम हुने गरी बहु-सरोकारवाला निकायहरु बीच छलफललाई निरन्तरता दिईदा स्रोतहरुको दोहोरोपना हटाउन र जलाधार व्यवस्थगापन सम्बन्धी सिकाईहरु आपसमा आदान प्रदान गर्न सहज हुने ।

**हरियो वन कार्यक्रम**

USAID अमेरिकी जनताबाट WWF care FECOFUN NTNC

**डिस्क्लेमरः** यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस सामाग्री भित्रका विषयवस्तु र सामाग्री केएर नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।